# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जंगी अड्डा

**प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा विल्लादार पदहरूको लागि दरखास्त आव्हान**

**(प्रथम पटक प्रकाशित मिति २०७९/१२/२४ गते)**

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा विल्लादार पदहरू खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ। देहायका योग्यता पुगेका नेपाली नागरिक स्वयम् उपस्थित भई रू.१०।- को टिकट टांसी दरखास्त पेश गर्न आव्हान गरिन्छ । दरखास्त फाराम नेपाली सेनाबाट निःशुल्क उपलब्ध गराईने छ ।

२. आवश्यक संख्या

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समूह | उपसमूह | सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्तती | खुला तर्फ | समावेशीतर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाती | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०७९/८०/१२ | प्रा.सु. (सै.उ.) नर्सिङ्ग | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | ४ | २२ | ३ | ६ | ५ | २ | - | ४२ |
| २ | ०७९/८०/१३ | प्रा.जम. कम्प्युटर | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सूचना प्रविधि | १ | ७ | १ | २ | १ | १ | - | १३ |
| ३ | ०७९/८०/१४ | लेखा जम. | सैनिक विविध | लेखा | - | ३ | २४ | ४ | ६ | ५ | ३ | १ | ४६ |
| ४ | ०७९/८०/१५ | पण्डित हुद्धा | सैनिक विविध | पुजारी | - | १ | ६ | १ | २ | १ | - | - | ११ |
| ५ | ०७९/८०/१६ | प्रा.अम. मेडिकल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | ७ | ३९ | ६ | ९ | ८ | ५ | १ | ७५ |
| ६ | ०७९/८०/१७ | प्रा.अम.जनरल मेकानिकल | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | २ | १४ | २ | ४ | ४ | १ | १ | २८ |
| ७ | ०७९/८०/१८ | प्रा.अम. ईलेक्ट्रिकल | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | १ | ५ | १ | १ | १ | १ | - | १० |
| ८ | ०७९/८०/१९ | प्रा.अम.प्लम्बर | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | उत्पादन | - | २ | - | १ | - | - | - | ३ |
| ९ | ०७९/८०/२० | प्रा.अम.भेहिकल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ४ | ६ | - | - | १ | - | १ | १२ |
| १० | ०७९/८०/२१ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | १ | १ | - | १ | - | - | - | ३ |
| ११ | ०७९/८०/२२ | प्रा.अम. कम्प्युटर | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सूचना प्रविधि | ३ | १९ | ३ | ५ | ४ | ३ | १ | ३८ |
| १२ | ०७९/८०/२३ | प्रा.अम.सर्भे | सैनिक प्राविधिक | सैनिक इन्जिनियरिङ्ग | सर्भे | - | २ | - | १ | १ | - | - | ४ |
| १३ | ०७९/८०/२४ | प्रा.अम. भेटेरीनरी | सैनिक प्राविधिक | पशु विकास तथा पशु स्वास्थ्य | - | - | २ | - | १ | १ | - | - | ४ |
| १४ | ०७९/८०/२५ | प्रा.अम. छापाखाना | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | १ | - | - | - | - | - | १ |
| १५ | ०७९/८०/२६ | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एवं विद्युतीय समाचार (प्रचारप्रसार तर्फ) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | १ | - | - | - | - | - | १ |
| १६ | ०७९/८०/२७ | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एवं विद्युतीय समाचार (ध्वनी सम्पादक) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | १ | - | - | - | - | - | १ |
| १७ | ०७९/८०/२८ | प्रा.अम. दृष्य, तस्विर र संग्रह (भिडियो सम्पादन) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | १ | - | - | - | - | - | १ |
| १८ | ०७९/८०/२९ | प्रा.अम. दृष्य, तस्विर र संग्रह (भिडियोग्राफी) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | - | १ | - | - | - | - | - | १ |
| १९ | ०७९/८०/३० | प्रा.अम. व्याण्ड | सैनिक प्राविधिक | अन्य प्राविधिक | सैनिक व्याण्ड | - | ५ | - | - | १ | १ | १ | ८ |
| २० | ०७९/८०/३१ | प्रा.अम. असवाव | सैनिक प्राविधिक | अन्य प्राविधिक | असवाव खाना | - | १ | - | १ | - | - | - | २ |
| २१ | ०७९/८०/३२ | प्रा.अम. प्यारा फोल्डर (महिला) | सैनिक प्राविधिक | अन्य प्राविधिक | प्याराच्युट फोल्डर तथा मर्मत | - | ३ | - | १ | १ | - | - | ५ |
| २२ | ०७९/८०/३३ | प्रा.अम. मेकानिकल, हवाई सम्भार | सैनिक हवाई | हवाई सम्भार | - | १ | ४ | १ | १ | - | १ | - | ८ |
| २३ | ०७९/८०/३४ | प्रा.अम. ईलेक्ट्रिक/ ईलेक्ट्रोनिक्स/ एभियोनिक्स | सैनिक हवाई | हवाई सम्भार | - | - | ३ | १ | - | - | - | - | ४ |
| २४ | ०७९/८०/३५ | प्रा.अम. ग्राउण्ड ह्याण्डलिङ्ग | सैनिक हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डलिङ्ग | - | १ | - | १ | १ | - | - | ३ |
| २५ | ०७९/८०/३६ | प्रा.अम. एभिएसन स्टोर | सैनिक हवाई | अन्य हवाई | एभिएसन बन्दोवस्ती तथा प्राप्ती | - | २ | - | १ | १ | - | - | ४ |
| २६ | ०७९/८०/३७ | प्रा.अम. डिस्प्याचर | सैनिक हवाई | अन्य हवाई | डिस्प्याचर | - | - | - | - | १ | - | - | १ |
| २७ | ०७९/८०/३८ | अमल्दार कर्मचारी | सैनिक विविध | सैनिक कर्मचारी | - | १२ | ८१ | ११ | २१ | १७ | १० | ३ | १५५ |

३. **दरखास्त पेश गर्ने मिति र स्थान :**

(क) दरखास्त मितिः मिति २०७९/१२/२४ गतेदेखि मिति २०८०/०१/२४ गतेसम्म र दोब्बर दस्तुर बुझाइ मिति २०८०/०१/२५ गतेदेखि मिति २०८०/०१/३१ गतेसम्म थप दिन सात हुनेछ। उक्त अवधिको कार्यालय समय भित्र दरखास्त बुझाउनुपर्ने छ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सो भन्दा पछाडि कार्यालय खुल्ने दिनमा दरखास्त पेश गर्न सकिनेछ।

(ग) स्थानः नेपाली सेनाको केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू।

४. **दरखास्त दस्तुरः** दरखास्त फाराम बुझाउंदा उम्मेदवारहरूले श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४) मा निम्न पद अनुसार दस्तुर जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ। सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ।

(क) प्रा.सु. रू.४००।-

(ख) प्रा.जम. र लेखा जम. रू.३००।

(ग) पण्डित हुद्दा, सबै ट्रेडका प्रा.अम. र अमल्दार कर्मचारी रू.२००।-

५. **आवश्यक योग्यताः**

(क) **शैक्षिक योग्यताः**

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०७९/८०/१२ | प्रा.सु. (सै.उ.) नर्सिङ्ग | नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| २ | ०७९/८०/१३ | प्रा.जम. कम्प्युटर | कम्प्युटर, ईलेक्ट्रोनिक, ईलेक्ट्रिकल वा आईटि मध्ये कुनै एक विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा प्रवीणता प्रमाणपत्र तहमा कम्प्युटर विषय लिई कम्प्युटर हार्डवेयर वा सफ्टवेयर डिप्लोमा सम्बन्धी कम्तीमा छ महिनाको तालिम उत्तीर्ण गरेको। | |
| ३ | ०७९/८०/१४ | लेखा जम. | लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउण्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको। | |
| ४ | ०७९/८०/१५ | पण्डित हुद्धा | पूर्वमध्यमा वा कर्मकाण्ड सहित तीन सय पूर्णाङ्कको संस्कृत बिषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। | |
| ५ | ०७९/८०/१६ | प्रा.अम. मेडिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सि.एम.ए.तालिम वा हेल्थ असिस्टेन्ट उत्तीर्ण गरेको वा मेडिकल सम्बन्धी सो सरह मान्यता प्राप्त गरेको र नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता भएको। | |
| ६ | ०७९/८०/१७ | प्रा.अम.जनरल मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाली सेनाले तोकेको तालिम वा विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा टेक्निकल एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको। | |
| ७ | ०७९/८०/१८ | प्रा.अम.ईलेक्ट्रिकल | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी इलेक्ट्रिकल विषयमा कम्तीमा एक वर्षे तालिम उत्तीर्ण गरेको वा विज्ञान विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको। | |
| ८ | ०७९/८०/१९ | प्रा.अम. प्लम्बर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी इलेक्ट्रिकल विषयमा कम्तीमा एक वर्षे तालिम उत्तीर्ण गरेको वा विज्ञान विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको। | |
| ९ | ०७९/८०/२० | प्रा.अम. भेहिकल मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी अटोमोवाइल (भेहिकल) ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको। | कै. |
| १० | ०७९/८०/२१ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको। | |
| ११ | ०७९/८०/२२ | प्रा.अम. कम्प्युटर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरी डेस्कटप पब्लिसिङ्ग वा ग्राफिक्स डिजाइनिङ्ग वा हार्डवेयर मेन्टिनेन्स वा नेटवर्किङ्ग वा डाटाबेस सम्बन्धी कुनै एक विषयमा कम्तीमा तीन महिनाको विशेष तालिम उत्तीर्ण गरेको। | |
| १२ | ०७९/८०/२३ | प्रा.अम. सर्भे | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी अमिन तालिम उत्तीर्ण गरेको। | |
| १३ | ०७९/८०/२४ | प्रा.अम. भेटेरीनरी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी भेटेरीनरी जे.टि.ए. तालिम (पन्ध्र देखि अठार महिना) उत्तीर्ण गरेको। | |
| १४ | ०७९/८०/२५ | प्रा.अम. छापाखाना | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा तीन महिनाको तालिम वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मुद्रण प्रविधि सम्बन्धी तह एकको सीप परीक्षा उत्तीर्ण वा सम्बन्धित विषयमा एक वर्षको कार्य अनुभव भएको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |
| १५ | ०७९/८०/२६ | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एंव विद्युतीय समाचार (प्रचारप्रसार तर्फ) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी आधारभूत पत्रकारिता तालिम र ग्राफिक्स डिजाइन सम्बन्धी आधारभूत तालिम उत्तीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको। | |
| १६ | ०७९/८०/२७ | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एंव विद्युतीय समाचार (ध्वनी सम्पादक) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी ध्वनि सम्पादन र ग्राफिक्स डिजाइन सम्बन्धी आधारभूत तालिम उत्तीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको। | |
| १७ | ०७९/८०/२८ | प्रा.अम. दृष्य, तस्विर र संग्रह (भिडियो सम्पादन) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको र नन लिनियर भिडियो इडिटिङ्ग र ग्राफिक्स डिजाइनिङ्ग सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको। | |
| १८ | ०७९/८०/२९ | प्रा.अम. दृष्य, तस्विर र संग्रह (भिडियोग्राफी) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |
| १९ | ०७९/८०/३० | प्रा.अम. व्याण्ड | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी अर्केष्ट्रा समूह (गिटार, कि बोर्ड, भायोलिन, चेलो, ट्रम्पेट, स्याक्सोफोन, पाइपर, गायन) मध्ये कुनै एक वाद्यवादन वा गायन सम्बन्धी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको वेशिक तालिम उत्तीर्ण गरेको। | |
| २० | ०७९/८०/३१ | प्रा.अम. असवाव | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा काम गर्न सक्ने अनुभवको प्रमाणपत्र प्राप्त गरेको। | |
| २१ | ०७९/८०/३२ | प्रा.अम. प्यारा फोल्डर (महिला) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको। | |
| २२ | ०७९/८०/३३ | प्रा.अम. मेकानिकल, हवाई सम्भार | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको। | |
| २३ | ०७९/८०/३४ | प्रा.अम. ईलेक्ट्रिक/ईलेक्ट्रोनिक्स/ एभियोनिक्स | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको। | |
| २४ | ०७९/८०/३५ | प्रा.अम. ग्राउण्ड ह्याण्डलिङ्ग | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको। | |
| २५ | ०७९/८०/३६ | प्रा.अम. एभिएसन स्टोर | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी ६ महिनाको स्टोर किपिङ तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी.उत्तीर्ण गरेको। | |
| २६ | ०७९/८०/३७ | प्रा.अम. डिस्प्याचर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाईट अप्रेशन ट्रेनिङ) वा लजिष्टिक सम्बन्धी तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको। | |
| २७ | ०७९/८०/३८ | अमल्दार कर्मचारी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |

(ख) **शारीरिक योग्यताः**

| क्र.सं. | पद | विवरण | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|---|
| १ | सबै पदका उमेदवारहरु | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| | | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| | | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| | | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका बहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पांच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने। | | |

(ग) **अन्य योग्यताः** उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ। अन्य योग्यताको हकमा "सैनिक सेवा नियमावली २०६९" (संशोधन सहित), "सैनिक प्राविधिक सेवा नियमावली २०७६", "सैनिक हवाई सेवा नियमावली २०७४", "सैनिक विविध सेवा नियमावली २०७४", "सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४" र "भर्ना छनौट निर्देशिका २०७१" मा उल्लेख भए अनुसार हुनुपर्नेछ।

६. **उमेरको हदः** उम्मेदवारहरुको दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/०१/२४ गतेसम्म १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार :**

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिले ३५ वर्ष उमेर पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ। सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने, सैन्य आधार तालिम गरेको हुनु पर्ने र युनिटपतिको सिफारिस हुनु पर्नेछ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/०१/२४ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पुरा भएको हुनु पर्नेछ।

८. **पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरूः** देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ। केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरू मान्य हुने छैन। दरखास्त दिन आउंदा पेश गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र।

(ग) नेपालका विश्वविद्यालयहरू वाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरूको हकमा त्रि.वि.वि.बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफूले हासिल गरेको उपाधीको समकक्षताको प्रमाण-पत्र समेत अनिवार्य रूपमा पेश गर्नु पर्नेछ। उक्त पुस्तिकामा समावेश नभएका शैक्षिक योग्यताहरूमा त्रि.वि.बि.बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(घ) GPA लागु भएको शैक्षिक योग्यताको हकमा न्यूनतम 2 GPA अनिवार्य हुनुपर्ने तर 2 GPA भएतापनि कुनै पनि बिषयमा D+ भन्दा कम हुन नहुने।

(ङ) सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने।

(२) निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक)।

(३) बहालवालाको हकमा "सैनिक सेवा नियमावली २०६९" को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक)।

(४) सम्बन्धित उम्मेदवार संगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक)।

९. **फोटोग्राफः** उम्मेदवारहरूले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति ४ (चार) र २X२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ।

१०. **सम्पर्क मिति र स्थानः** मिति २०८०/०२/१४ गतेको ११०० बजे, नेपाली सेनाको केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू।

११. **छनौट प्रक्रियाः** उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग परीक्षा, बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट संचालन हुनेछ), प्रयोगात्मक परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण र अन्तरवार्ता हुनेछ। भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने वियरिङ्ग परीक्षाको मापदण्ड नेपाली सेनाको आधिकारिक वेबसाईटमा राखिएको बिज्ञापनमा हेर्न सकिनेछ। कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैनन्। अङ्कभार नभएका तथा अङ्कभार भएका पदहरुको शारीरिक परीक्षाको मापदण्ड देहाय बमोजिम रहेको छ।

(क) **अंकभार नभएका पदहरुः**

| क्र.सं. | पद | शारीरिक योग्यता | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | कैफियत |
| १ | प्रा.अम. प्यारा फोल्डर (महिला) | - | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) ३०० मिटर दौड ६५ सेकेण्डमा पूरा गर्नु पर्नेछ<br>(घ) १ माईल दौड ११ मिनेटमा पूरा गर्नु पर्नेछ। | |
| २ | पण्डित हुद्धा | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६० सेकेण्डमा पुरा गर्नु पर्नेछ।<br>(ङ) २ माईल दौड १७ मिनेटमा पुरा गर्नु पर्नेछ। | - | |
| ३ | प्राविधिक/हवाई सेवा तर्फका पदिक तथा बिल्लादार | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६५ सेकेण्डमा पुरा गर्नु पर्नेछ।<br>(ङ) १ माईल दौड ९ मिनेटमा पुरा गर्नु पर्नेछ। | (क) सिटअप ८ पटक<br>(ख) पुसअप ५ पटक<br>(ग) ३०० मिटर दौड ७५ सेकेण्डमा पुरा गर्नु पर्नेछ।<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नु पर्नेछ। | |

(बाँकी पृष्ठ १६ मा)